# पाँचौं भाग
# चेलामा फलदायीपन


१. आत्म-सम्मान र परमेश्वरसितको
हाम्रो सही सम्बन्ध २५३
२. फलदायीपनको समझ
(भाग १) स्वतन्त्रता, फल, शक्ति तथा बुद्धि २६४
३. फलदायीपनको समझ
(भाग २) - फल फलाउन बोलावट २७४
४. फलदायीपनको समझ
(भाग ३) - बोलावट र लक्षहरु २८७
५. अनुग्रहका वरदानहरु २९९
६. व्यवस्थापन, रोपाई र कटाई ३०९
७. विश्वासमा बढनु ३१८

# १. आत्मसम्मान र परमेश्वरसितको हाम्रो सही सम्बन्ध

## क. आत्मसम्मान

क. मुख्य पदहरु

भजन १३९:१३-१६
रोमी १२:३
१शमूएल १६:७
रोमी ९:२०-२१
एफिसी २:१०

ख. परिचय

आफ्नो बारेमा होनहार, सकारात्मक, प्रशंसनीय र सुहाउंदो धारणालाई आत्म-सम्मान भनिन्छ. आफ्नो सम्बन्धमा हामी निकै माथिल्लो खालको धारणा बनाउन सक्छौं (रोमी १२:३; गलाती ६:३-४). येशूको चेलाको नाताले परमेश्वरको दृष्टिमा हामी अमूल्य छौं. पवित्र आत्माद्वारा ब्रम्हाण्डको सृष्टिकर्ता परमेश्वर हामीमा बास गर्नुहुन्छ (१कोरिन्थी ६:१९-२०). हामी परमेश्वरका पत्रहरु हौं, येशूसँगै उत्तराधिकारी हौं र उहाँको महिमामा हामीपनि सहभागी छौं (रोमी ८:१७). येशूमा हामी जीवित पारिएका छौं (एफिसी २:५) र हामीलाई खीष्टमा परिपूर्णता दिइएको छ (कलस्सी २:१०). वास्तवमा हामीलाई सामर्थ्य प्रदान गर्नुहुनेद्वारा हामी सबै कुरा गर्नसक्छौं (फिलिप्पी ४:१३). हामी खीष्टसँगै व्युंताइएर स्वर्गीय स्थानहरुलाई हामीले आफ्नो वासस्थान बनाएका छौं (एफिसी २:६). हामी खीष्टमा जे छौं त्यसको उच्चता र हामी के बन्ने र हामीले के गरेको उहाँ चाहनुहुन्छ भन्ने कुराहरुलाई हाम्रो विनम्र स्वीकारोक्तिमा सन्तुलन कायम गर्नुपर्छ.

ग. परमेश्वरले हामीलाई बनाउनुभयो (भजन १३९:१३-१६)

हामीलाई परमेश्वरले बनाउनुभयो. हामी जन्मनु अघि नै उहाँले हामीलाई चिन्नुहुन्थ्यो. हाम्रा ठूला भन्दा ठूला समस्याहरुको समाधान गरेर तिनीहरुबाट उहाँले हामीलाई छुटाउन सक्नुहुन्छ. हामी होचो, अग्लो, मोटो, दुब्लो, सुन्दर, कुरुप, बुद्धिमान, लोसे, बोलक्कड, अन्तर्मुखी, बहिर्मुखी

जेसुकै भएपनि हामीले आफ्नो व्यक्तित्वलाई स्वीकार गर्नुपर्छ किनभने परमेश्वरले हामीलाई यस्तै नै सृष्टि गर्नुभएको हो. यदि उहाँले भनेको हामीले मान्यौं भने हामीमा निहित उत्तम कुराहरुको परमेश्वरले प्रष्फुटन गर्नुहुनेछ र हाम्रा निम्ति पनि उत्तम थोकहरुको व्यवस्था मिलाउनुहुनेछ. यसको मतलव हामीले उहाँसित सहयोग स्थापना गर्नु हो. हाम्रो जीवनमा पाप र पुरानो स्वभावका समस्याहरु भएका कारण मात्र हैन तर हामी जे जस्ता सृजिएका छौं त्यसैमा हामीले सन्तोष लिनुपर्छ. हामीजस्तो व्यक्ति पहिले कहिल्यै थिएन र भविष्यमा पनि कहिल्यै हुनेछैन, हामी सबैको आ-आफ्नै विशेषता छ. परमेश्वरले तपाईलाई दिनुहुने र दिनुभएका बरदानहरु, जसरी उहाँले तपाईंलाई बनाउनु भएको छ, यहाँसम्म कि जुन परिस्थितिमा तपाईलाई राख्नुभएको छ ती सबैले तपाईलाई अरु कसैले पनि गर्न नसक्ने काम गराउन सघाऊ पुऱ्याउनेछ. यो विशेष काम गर्न तपाईंमात्र उपयुक्त हुनुभएकोले उहाँले तपाईलाई यसको जिम्मा दिनुभएको छ. त्यसै कामको निम्ति मात्र परमेश्वरले तपाईलाई बनाउनु भएको छ. तपाईंजस्तै अर्को नबनाउने गरी तयार पारिएको साँचोबाट तपाईलाई बनाइएको छ (रोमी ९:२०-२१).

परमेश्वरको हातको सीप विरुद्धमा हामीले आवाज उठाउनु हुँदैन. हामी जे जस्ता छौं त्यसको निम्ति आफैंलाई घृणा गर्ने, हाम्रो सृष्टि यस प्रकारको भएकोमा परमेश्वरप्रति क्रोध वा तिक्तता हामीले राख्नुहुँदैन. यसले हामीभित्र वास गर्नुभएको परमेश्वरको आत्मालाई दु:खित तुल्याउनेछ. हाम्रो सृष्टिको निम्ति परमेश्वर सम्पूर्ण जिम्मेवारी लिनुहुन्छ तर हाम्रो विकास र भाग्यको चरम बिन्दुका निम्ति उहाँसितको सहयोगमा निर्भर गर्छ. परमेश्वरलाई हामीमा काम गर्न दिने कि नदिने यो हामीमै भरपर्छ.

येशूले सिमोनको नाम पत्रस वा केफासमा परिबर्तन गर्नुभयो. पत्रसको अर्थ “चट्टान” र सिमोनको अर्थ “निगालो” भएकोले प्रभुले यसरी नाम परिबर्तन गर्नुपरेको हो. यसबाट पत्रसले आफैंलाई भिन्दै किसिमले हेर्नुपर्ने थियो. जीवनका अस्थीर पक्षमा स्थीर हुनुपर्ने थियो. येशूलाई थाहा थियो पत्रस उहाँको मण्डलीको एउटा स्थीर जग हुनेछ. पत्रसले आफैंलाई परमेश्वरले देख्नुभएजस्तै देख्नुपर्ने थियो. हामी पनि त्यसै गर्नुपर्छ. परमेश्वरको प्रेम र शक्ति हामीमा र हामीबाट काम हुन थालिएपछि उहाँमा हामी के बन्नसक्छौं सो उहाँले देख्नुहुन्छ. त्यसकारण हामीले आफैंलाई परमेश्वरले

जसरी हेर्नुहुन्छ सोही दृष्टिकोणबाट हेर्नुपर्छ, तर मानिसले जसरी होइन (१शमूएल १६:७).

## घ. आफ्नो गलत छबिको नतिजा

हामीसँग भएका थुप्रै कुराहरुमा आत्म-सम्मान एउटा चीज हो. आत्म-सम्मानले वैकल्पिक आनन्द वा यसको अनुपस्थितिमा प्रभाव पार्छ. यसले हाम्रो सफलताको सीमा निर्धारण गर्दै हाम्रो सन्तुष्टिलाई सीमित राख्छ. यदि हामीले आफूलाई तुच्छ ठान्यौं भने हामी थोरै मात्र उपलब्धि हासिल गर्नसक्छौं तर आफ्ना बारेमा सकारात्मक सोचाई राखेमा येशू ख्रीष्टमा हामीले ठूला काम गर्ने सम्भाव्यता बढ्नेछ. आफ्नो सम्बन्धमा नकारात्मक विचारबाट उम्कन नसकेमा हामी आफूलाई खराव प्रतिविम्वित देख्छौं. यदि यही खराब प्रतिबिम्बलाई स्वीकारी राख्यौं भने नतिजामा तीनवटा कुराहरु हुन सक्छन्

१. आफैंमा भरोसा कम हुनथाल्छ

२. हाम्रो जीवनको उद्देश्य पत्ता लगाउन हामी असफल हुन्छौं.

३. हामीमा तिरस्कार, असफलता र असुरक्षाको भावना उत्पन्न हुनेछ.

प्रायजसो मानिसहरु यस्ता कुराहरुबाट पीडित भएकोले तिनीहरु वास्तवमा आफू को हो भन्ने तथ्यलाई लुकाउने प्रयास गर्छन्. तिनीहरुले आफ्नो अनुहार छोप्न मकुण्डो लगाउंछन अनि अन्य मानिसहरुले त्यसभित्र लुकेको अनुहार पत्ता लगाउन सक्ने छैनन् भन्ने तिनीहरु आशा गर्छन्. निम्न लिखित कुराहरु लुकाउन वा छोप्नका निमित्त मानिसहरुले त्यस्तो कार्य गर्छन् -

- आफूमा भरोसा छैन भने त्यो लुकाउन तिनीहरु बढता कुरा गर्ने वा धाक लगाउने हुन्छन.
- असुरक्षालाई लुकाउन भिडभाडमा व्यस्त हुने (हराउने) गर्छन्.
- असफल अनुभव गर्ने भएकाले तिनीहरु आफू केही होइन जस्तो, शरम मान्ने र एक्लै हुन मन पराउने गर्छन्.

वास्तवमा आजका हाम्रा धेरै सामाजिक समस्याहरु आफूमा आत्म-सम्मानको कमीबाट उत्पन्न हुनसक्छ जस्तै जंड्याहापन, लागु पदार्थ सेवन, अपराधपूर्ण क्रियाकलाप, विद्रोह, यौन दुरुपयोग, विवाह विच्छेद, विध्वंश तथा हिंसा आदि.

हामीले अरु मानिसहरुलाई त मूर्ख बनाउन सकौंला तर हामी परमेश्वरदेखि लुक्न सक्दैनौं. हामी को हौं उहाँले जान्नुभएकोले उहाँसँग लुक्न खोज्नु व्यर्थ छ. हामीले आफ्नै स्वार्थ त्यागेर हाम्रो जीवन उहाँमा सुम्पनुपर्छ. त्यसपछि उहाँले देख्नसकेझैं हामीले जिउनुपर्छ.

ङ. असल आत्मप्रतिरुपको नतिजा

हामीले परमेश्वरको प्रेम र सामर्थ्यको अनुभव गर्नुपर्छ. सबै कुराहरु सृष्टि गर्नुहुने परमेश्वरले हामीलाई स्वीकार गर्नु भएको कुरा हामीले थाहा पाउनुपर्छ. हामी आफैंमा को हौं र ख्रीष्टमा के हौं सो जान्दै परमेश्वरले हामीलाई देख्नुभए अनुसार नै हामीले आफूलाई चिन्नुपर्छ. यसले गर्दा हामी परमेश्वरमा र आफैंमा पनि भरोसा गर्न समर्थ हुनेछौं. त्यसरी सुरक्षित अनुभव गर्दै हामी स्वीकार भएका, सफलता प्राप्त गर्नसक्ने र जीवनमा परिपूर्णता प्राप्त गर्नसक्ने हुनेछौं.

हामी जे जस्तोसँग सँगत गर्छौं नानीहरुजस्तै हामी पनि त्यस्तै व्यवहार गर्नथाल्छौं

- यदि हामी आलोचनाको बीचमा रह्यौं भने हामी अरुलाई दोष्याउन सिक्नेछौं.
- यदि हामी शत्रुता - विद्वेषका माझ जियौं भने झगडा गर्न सिक्नेछौं.
- उपहास वा खिसीका माझ जिएमा हामी लजाउन सिक्नेछौं.
- सहिष्णुता बीचमा रह्यौं भने धिरजी हुन सिक्नेछौं.
- प्रोत्साहनमा जियौं भने हामी भरोसा गर्न सिक्नेछौं.
- प्रशंसा माझ जियौं भने हामी गुण मान्न सिक्नेछौं.
- हामी स्वच्छन्दतामा जियौं भने पक्षपात रहितको जीवन जिउन सिक्नेछौं.
- हामी सुरक्षामा जियौं भने विश्वास गर्न सिक्नेछौं.
- सहमतिमा जियौं भने हामीले आफूलाई मन पराउन थाल्नेछौं.
- मित्रता र स्वीकारोक्तिमा जियौं भने हामी संसारमा प्रेम पाउन थाल्नेछौं.

च. परमेश्वरको बाटो (तरीका) कुन हो ?

मानिसहरु आफूलाई राम्रो अनुभव गर्न र सन्तुष्टि तथा परिपूर्णता प्राप्त गर्न अनेक किसिमका कुराहरुमा लाग्छन् जस्तै पैसा कमाउने, नाम, मोजमज्जा, अध्ययन, खेलकुद, यौन, शक्ति, राम्रा कपडाहरु, गुप्तविद्या, श्रेष्ठता आदि. यीमध्ये केही कुराहरुको महत्व त छ तर अस्थायी

किसिमको. केही मात्रामा तिनीहरुले सन्तुष्टि प्रदान गर्लान तर तिनीहरु अन्त्यमा खल्लो, अर्थहीन र खतराजनक साबित हुन पुग्छन्.

परमेश्वरले मानिसलाई आफूसित सम्बन्ध बढाउनको निम्ति आफ्नै स्वरुपमा सृजना गर्नुभयो. तर उहाँले चाहनुभए मुताविक मानिस जिउन सकेन र आफूखुशी गरेर ऊ आफैंले रोजेको बाटोमा हिंड्यो. यसको परिणाममा परमेश्वरसित उसको विछोड भयो. परमेश्वरको उपस्थितिको आशिष र उहाँको प्रेम उसले गुमाएकोले उसले लाज र भय अनुभव गर्नथाल्यो. आफू हराएको तथ्यलाई उसले स्वीकार गर्‍यो. परमेश्वरको निम्ति केही बन्न र केही गर्नको लागि उसको सृष्टि भएको थियो तर अहिले उहाँदेखि उस्लाई छुट्टिनुपरेको छ. यसले मानिसको प्रतिष्ठामा शंका उत्पन्न गर्‍यो. उसले आफ्नो हराएको छबि पु:न प्राप्त गर्ने प्रयास गर्‍यो तर यसमा खास समस्या के हो त्यो उसले कहिल्यै बुझ्न सकेन. उसले जति नै प्रयत्न गरेपनि कुनै न कुनै बुँदामा ऊ असफल र अपूर्ण नै रहेको छ. जहिले पनि ऊ एउटा खालिपन र उद्देश्यहीनतामा रुमल्लिएको भान हुन्छ.

येशू परमेश्वरको पुत्र यस पृथ्वीमा आउनुभयो किनभने उहाँलाई यी कुराहरुको ज्ञान थियो. मानिसले हराएको वस्तु उस्लाई फर्काउन र परमेश्वरसित चुंडेको सम्बन्ध पु:न जोडनको निम्ति उहाँ आउनुभयो. येशूले समस्या बुझ्नु भएकोले मानिसको निम्ति आफैं समाधान बनेर आउनुभयो (यूहन्ना १४:६). तथापि परमेश्वरलाई मन नपर्ने कुराहरु (पाप) देखि हामी फर्कनुपर्छ र येशूलाई हाम्रो प्रभु र मुक्तिदाता भनेर ग्रहण गर्नुपर्छ. त्यसपछि मात्र हामीलाई पु:न स्वीकार गर्ने, उहाँको जीवनलाई पु:न अनुभव गर्नदिने तथा उहाँको प्रेम र सामर्थ्य प्रदान गर्ने प्रतिज्ञा परमेश्वरले हामीसित गर्नुहुन्छ. आफ्नै अंश पवित्र आत्मा समेत हामीलाई दिनुहुने उहाँ प्रतिज्ञा गर्नुहुन्छ ताकि जुन जीवन जिउनको निम्ति हाम्रो सृष्टि भएको थियो त्यसमा हामी सफल हुनसकौं. परमेश्वरले उपलब्ध गराउनुभएको जीवनका असलताहरुमा जियौं भने हामीभित्र उत्पन्न रित्तोपनलाई हामी पुर्न सक्नेछौं. हाम्रो जीवनमा परमेश्वरलाई सम्पूर्ण हाली-मुहाली गर्न दिनुपर्छ. सही लक्ष प्राप्त गर्नुभन्दा अगाडि जीवनका बारेमा हाम्रा विचार तथा धारणाहरुलाई त्यागिदिनुपर्छ यसो गर्न समय लाग्छ तर परमेश्वरलाई हामीमा काम गर्ने छुट दियौं भने उहाँजस्तै हुनको

निम्ति हाम्रो परिवर्तन हुनेछ. हाम्रो बिग्रिएको छविदेखि उहाँले हामीलाई मुक्त गर्दै परमेश्वर प्रदत्त लक्ष हासिल गर्न र इज्जतसाथ जीवन जिउन उहाँले सहायता गर्नुहुन्छ.
*"किनकि हामी असल कामहरुका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं. हामी ती बमोजिम हिंडौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नु भएको थियो."* (एफिसी २:१०)

## ख. परमेश्वरसितको हाम्रो सही सम्बन्ध

क. मुख्य पदहरु

रोमी ६:१-२३
रोमी ७:१-२५
रोमी ८:१-३९
रोमी १२:१-२
२कोरिन्थी ५:१७

ख. हामीमा निहित पुरानो मानिस ख्रीष्टसँगै क्रूसमा टांगिएको छ

हामी येशूको चेला भइसकेपछि परमेश्वरले हामीमा निहित पुरानो स्वभाव मरिसकेको ठान्नुहुन्छ. हाम्रो पुरानो स्वभावलाई लिएर उहाँले येशू ख्रीष्टसँगै क्रूसमा टांगिदिनु भएको छ (रोमी ६:६). हामी मरेका छौं तर अब ख्रीष्टसँगै जिएका पनि छौं. पुराना कुराहरु बितेर अब हामी नयाँ सृष्टिमा परिणत भएका छौं (२कोरिन्थी ५:१७). येशूमा हामी परमेश्वरको धार्मिकता भएका छौं (२कोरिन्थी ५:२१). त्यसकारण अब हामी पापको लेखि मरेको तर परमेश्वरको निम्ति येशू ख्रीष्टमा ब्युंतिएको हामीले बुझ्नुपर्छ (रोमी ६:११). आफ्नै बारेमा हामीले यसरी बुझेको परमेश्वर इच्छा गर्नुहुन्छ.

हामी नयाँ जन्म पाएका क्रिश्चियनहरु भए तापनि धेरैचोटी आफूलाई कमजोर र पापमय स्वभावका बिरुद्धमा अप्रभावकारी अनुभव गर्छौं. यो एकदम गलत सोचाई हो. पापको प्रतिरोध गर्ने र येशू ख्रीष्टमा विजयी जीवन जिउनसक्ने सामर्थ्य हामीमा छ. पापको प्रतिरोध गर्न नसक्ने हाम्रो पुरानो स्वभाव हटेर परमेश्वरको आत्माबाट जन्मिएको नयाँ स्वभाव अहिले हामीमा छ. यदि त्यो नयाँ स्वभावलाई हामीमाथि अधिकार गर्न दियौं भने सबै परीक्षा र पापहरुमा हामीलाई विजय गराउन यसले सघाउ पुऱ्याउंछ. हामी यसका सबै असल पक्षहरुमा जिउनुपर्छ (कलस्सी २:९-१५; ३:९-१०).

वास्तवमा यस्तो केही कुराहरु हैनन् भनेर शैतानले हामीलाई विश्वास दिलाउन खोज्नेछ र फेरि पापमा अल्झाउन कोशिस गर्नेछ अनि ऊ यसमा कहिले त सफल पनि हुनेछ. हामी पाप गर्न छोड्नै सक्दैनौ भन्ने कुरामा हामीलाई ऊ निश्चित गराउन चाहन्छ. तर पापको सामना गर्ने मात्र हैन यसमाथि विजय प्राप्त गर्न समेत ख्रीष्टमा हामीसँग शक्ति छ. यदि केही गरी पाप गरिहाल्यौं भनेपनि यसलाई हामीले स्वीकार गर्नुपर्छ, यस्बाट फर्कनुपर्छ र परमेश्वरको क्षमा प्राप्त गर्दै पाप नै गर्न नसक्ने हाम्रो उचित ठाउँमा हामी आउनुपर्नेछ (१यूहन्ना १:९). अब हामी पापका दास छैनौ. पापलाई हाम्रो जीवनमा अधिकार गर्न नदिउन्जेलसम्म ख्रीष्टमा हामी पापरहित छौं.

## ग. पापले नअल्झाओस

*"स्वतन्त्रताको निम्ति ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ. यसकारण दह्रो भएर खडा होओ र फेरि दासत्वको जुवामुनि नपर."* (गलाती ५:१)

हाम्रो पाप स्वभावबाट हामीलाई येशू ख्रीष्टले छुटाउनु भएको छ त्यसकारण पाप वा शैतानले फेरिपनि अल्झाउन नपाओस. यसो गर्न अनुशासनको जरुरत पर्छ. यद्यपि पाप टाँस्सिने किसिमको हुन्छ तर पापमा लागिरहने हाम्रो इच्छा नभएमा त्यसले स्थायी रुपमा हामीलाई पछ्याउन सक्दैन (२ पत्रस २:१९-२२). हाम्रो जीवनमा अधार्मिक कुराहरुको प्रवेश नगराउन धर्मशास्त्रले हामीलाई निरन्तर शिक्षा दिइरहेको छ. संसारको रीतिरिवाजमा हामी संलग्न हुनु हुँदैन (१यूहन्ना २:१५-१७). संसारमा रहेर पनि हामी येशू जस्तै यस संसारका होइनौ. परमेश्वरलाई मन पर्ने किसिमको जीवन हामीले जिउनुपर्छ र यसको अर्थ हाम्रो जीवनको व्यवहारहरुबाट सत प्रतिशत उहाँको सेवामा लाग्नुपर्छ (हिब्रू १०:२६-३९). यसो गर्नको निमित्त हामी परमेश्वरका कुराहरुमा लाग्नुपर्छ तर संसारका थोत्रा कुराहरुमा हैन (कलस्सी २:२०; २ तिमोथी २:४; फिलिप्पी ४:८). पापलाई हामीले आफ्नो जीवनमा स्वीकार नगरेसम्म यसको हामीमाथि कुनै अधिकार हुँदैन (एफिसी ४:१२-२४)


*"यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरुलाई अनुरोध गर्दछु, कि तिमीहरुको आत्मिक उपासनाको रुपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउंदो बलिको रुपमा अर्पण गर. यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई*

*पूर्ण रुपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्नसक."* (रोमी १२:१-२).

### घ. हाम्रो आत्माले राज्य गर्नुपर्छ

हामीले नयाँ जन्म पाएको बेलामा पवित्र आत्माले जीवित पार्नुभएको हाम्रो आत्माले हाम्रो जीवन र अनुभवहरुमा राज्य गर्नुपर्छ (यूहन्ना ३:५-६; १ पत्रस १:२३). हाम्रो शरीर र प्राणमाथि पनि हाम्रो आत्माको अधिकार हुनुपर्छ ( मन, आवेग तथा इच्छाहरु). पवित्र आत्मा हामीभित्र वास गर्नुभएर उहाँले हाम्रो आत्मालाई नियन्त्रण गर्नुभएको छ अनि उहाँले परमेश्वरको मन पनि जान्नुहुन्छ (१कोरिन्थी २:१०-१६). यदि येशू हाम्रो जीवनको साँचो प्रभु हुनुहुन्छ भने आत्माले हाम्रो जीवनका सम्पूर्ण अंशहरुमा अधिकार (राज्य) गर्नुपर्छ (गलाती ५:१३-२६; रोमी ८:१-१७). एउटा येशूको चेलाले यस्तै किसिमले जिउनुपर्छ र सबै कुराहरु परमेश्वरको यही व्यवस्था अनुसार चल्नुपर्छ.

तर धेरै क्रिश्चियनहरुले आफ्ना जीवनका केही पक्षहरुमा शरीर र प्राणलाई बढी महत्व दिएकोले गर्दा आत्मामाथि तिनीहरुको अधिकार भएको छ. जीवनको कुनै अंशमा हामीले पाप गरिरहेका हुन्छौं भने वास्तवमा त्यहाँ प्राणको अधिकार भएको हुन्छ. यसलाई स्वीकार गर्दै हामीले परमेश्वरसँग क्षमा माग्नुपर्छ र जीवनको त्यो पक्षमा येशूलाई फेरि प्रभु मान्नुपर्छ. त्यसरी हामी हाम्रो आत्मालाई उसको उचित ठाउँमा स्थापित गर्नेछौं. किनभने पवित्र आत्माले हाम्रो आत्मालाई जीवनको त्यस्ता पक्षमा अधिकार गर्नको निम्ति नियन्त्रणमा राख्नुभएको छ.




परमेश्वरको सही व्यवस्था — गलत व्यवस्था

ङ. अन्तमा

दैनिक रुपमा हामी आफैं होइन तर येशू ख्रीष्ट जस्तै जिउनुपर्छ (लूका ९:२३). पापको लेखि हामीले आफूलाई मरेको ठान्नुपर्छ. हाम्रो पुरानो स्वभावको आज्ञा हामीले अब मान्नुपर्ने आवश्यकता छैन किनभने हामी अहिले ख्रीष्टमा नयाँ सृष्टि भएका छौं. हाम्रो आत्माले हाम्रो जीवनको नियन्त्रण गर्नुपर्छ तथा प्राण र शरीरलाई आत्माभन्दा माथि उठन दिनुहुन्न. यसको मतलब हाम्रो आत्मालाई बढनमा सहायक हुने कुराहरुमात्र गर्दै यसलाई प्रोत्साहन दिनुपर्छ. प्राण र शरीर अगाडि बढेर फेरि पाप गर्ने मौका तिनीहरुलाई हामीले दिनुहुन्न.

*"यसैले त भाई हो, पाप स्वभाव अनुसार जिउनलाई हामी पाप स्वभावप्रति बाध्य छैनौं. किनकि पाप-स्वभाव अनुसार जिउंछौ भने, तिमीहरु मर्छौ, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरु तिमीहरुले निर्मूल पार्‍यौ भने, तिमीहरु जिउनेछौ. किनभने सबै, जो परमेश्वरका आत्माले डोर्‍याइएका हुन्छन्, तिनीहरु नै परमेश्वरका सन्तान हुन्."* (रोमी ८:१२-१४).

च. प्रश्नहरु तथा छलफलका बुँदाहरु

१. तपाईंको वर्तमान स्वरुपको अवस्थाको निम्ति र उहाँले तपाईंलाई जहाँ राख्नुभएको छ त्यसका निम्ति पनि परमेश्वरलाई दोष दिनुहुन्छ कि ?

२. प्रभुको अगमवक्ताका रुपमा यर्मियाले धेरै कठीन जीवन बिताए. उनी आमाको गर्भमा आउनुभन्दा पहिले नै परमेश्वर उसलाई जान्नुहुन्थ्यो र आफू जन्मनु अगाडि नै आफूलाई उहाँले अगमवक्ता चुन्नुभएको भन्ने कुराको ज्ञान यर्मियालाई भएको भए यसबाट उसलाई केही सघाउ पुग्थ्यो कि ? तपाईं यसबारेमा के विचार गर्नुहुन्छ ? (यर्मिया १:४-१०). धर्मशास्त्रको यो अंश पढदा हामी केही पाठ सिकन सक्छौं कि ?

३. "आफ्नो गलत छबिको नतिजा" भन्ने शिर्षकमा सामाजिक समस्याहरुलाई उद्धरण गरिएको गलत छबिकै कारण हो कि ?

४. तपाईं येशूको चेला भएको नाताले तपाईंको जीवनको नियन्त्रण परमेश्वरले गर्नुभएको छ कि छैन ? त्यसो भए हामीले आफैंलाई कसरी हेर्नुपर्ने हो ?

५. नयाँ जन्म पाएको विश्वासीका रुपमा हाम्रो आफ्नो पुरानो स्वभावको मृत्यु भएको छ. सल्लाह प्राप्त गर्ने धेरै मानिसहरु यसलाई जान्दैनन.

यो सत्यलाई ध्यानमा राख्दै हामीले मानिसहरुलाई कुन किसिमले सल्लाह दिनसक्छौं ? छलफल गर्नुहोस्.

६. पुरा डुबेर पानीको बप्तिश्मा लिनु भनेको हामीमा भएको पुरानो मानिसको मृत्यु भएको छ र अब हामी ख्रीष्टको पुनरुत्थित जीवनमा जिएका छौं भन्ने एउटा चिन्ह वा घोषणा हो. के हामी यही सत्यताको आधारमा जिएका छौं ?

७. तपाईंको जीवनको प्रत्येक हिस्सा के तपाईंको आत्माको नियन्त्रणमा छ ? यदि छैन भने यसबारेमा तपाई के गरिरहनु भएको छ ?

## छ. सारांश र प्रयोग

१. हामी जन्मनुअघि नै उहाँले हामीलाई जान्नुहुन्थ्यो त्यसैले येशूका चेलाले गर्नुपर्ने काम हाम्रो निम्ति परमेश्वरले पहिले नै तयार पारिराख्नु भएको छ.

२. परमेश्वरले हामीलाई जसरी हेर्नुहुन्छ त्यसरी नै हामीले आफूलाई हेर्नुपर्छ.

३. परमेश्वरलाई सहयोग गर्दै हामीले आफ्नो जीवन उहाँमा सुम्प्यौं भने उहाँले चाहनुभएको काम गर्न सबै कुराले तयार उत्तम व्यक्ति हामी नै हुनेछौं.

४. शुरुमा मानिसलाई जुन उद्देश्य पूर्तिका निम्ति सृष्टि गरिएको थियो त्यही अनुरुप जिउन नसक्नाले नै संसारमा भएका यावत वर्तमान समस्याहरु उत्पन्न भएका हुन्.

५. हामी पुरानो पापमय स्वभावका निम्ति मरेजस्तैगरी जिउनुपर्छ तर त्यस्ता कार्यहरुको निम्ति हामी अझै जीवित छौं भन्ने देखाउनु हुँदैन.

६. हाम्रो आत्मा जुन परमेश्वरको पवित्र आत्माको नियन्त्रणमा छ त्यही आत्माले नै हाम्रो सम्पूर्ण जीवनको नियन्त्रण हुनुपर्छ.

७. "यसकारण यतिका साक्षीहरुको ठूलो बादलले हामीलाई घेरिराखेको हुनाले, हर किसिमका बोझा र हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं. हाम्रो विश्वास शुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केही जस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ. पापीहरुबाट उहाँको विरुद्धमा भएका यतिका विवादहरु

सहनुहुनेलाई विचार गर, र तिमीहरु शिथिल नहोओ, अनि हरेस नखाओ."

*"यसकारण लत्रेका हातहरु उठाओ, र दुर्बल घुंडाहरु बलिया बनाओ. तिमीहरु हिंडने बाटो सोझो बनाओ, ताकि लङ्गडो गोडा नखुस्कोस्, तर निको होस्."* (हिब्रू १२:१-३; १२ र १३).